# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६ / ९८५७८२६१११
lto.chaurjaharimun@gmail.com


## स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध हुन आवेदन पेस गर्ने सूचना !

**(प्रकाशन मिति : २०८१/०६/०८ गते)**

चौरजहारी नगरपालिका रुकुम (पश्चिम) ले आर्थिक वर्ष २०८१/०८२ मा नेपाल सरकारको स्वास्थ्य बिमा ऐन, २०७४ र नियमावली, २०७५ बमोजिम गरिब, विपन्न दलित, अल्पसङ्ख्यक, शहीद र जनयुद्धका घाइते परिवार स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि, २०७९ ले तोकेको मापदण्डबमोजिम इच्छुक परिवारले २०८१ असोज १६ गतेभित्र सम्बन्धित वडा कार्यालयहरूमा तपसिलका कागजातहरूसहित आवेदन पेस गर्न सकिने जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै वडा कार्यालयहरूले देहायअनुसार एक रूपता कायम गर्ने र लाभग्राही छनोट गरी आवश्यक कागजातहरू पठाउने जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. कार्यविधिको **अनुसूची-१** बमोजिम आवेदन फाराम,
२. आवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३. आवेदकको परिवारका सदस्यहरूको नागरिकता / जन्मदर्ता, विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,
४. आवेदकको नागरिकतामा हालको भन्दा फरक भएमा बसाइँसराइको प्रमाणको प्रतिलिपि,
५. शहीद र घाइते परिवारको हकमा नेपाल सरकारबाट जारी भएको प्रमाण खुल्ने कुनै कागज,
६. शहीद परिवारको हकमा नाता प्रमाणितको प्रतिलिपि र घाइतेको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि ।

**वडा कार्यालयले अपनाउने प्रक्रिया र पेस गर्नुपर्ने कागजात**

१. आवेदनका साथ माथि उल्लेख गरिएका सबै कागजातहरू संलग्न गरी छुट्टाछुट्टै फाइल तयार गर्ने ।
२. कार्यविधिको अनुसूची २ बमोजिमको मापदण्डका आधारमा अङ्क प्रदान गरी वडास्तरीय छनोट समितिको बैठक २०८१ असोज १६ गते बुधबारका दिन बस्ने र प्राथमिकताक्रम निर्धारण गरी छनोट भएका लाभग्राहीको विवरण प्रकाशन वडा कार्यालयको सूचना पाटी, सामाजिक सञ्जालमा सार्वजनिक गर्नुका साथै कुनै लाभग्राहीका बारेमा चित्त नबुझेको भए दावीविरोधको उजुरी समेत गर्न सकिने गरी सात दिनको सूचना प्रकाशन गर्ने ।
३. कार्यपालिका बैठकले तोकेको वडाको कोटामा २० प्रतिशत सङ्ख्यामा वैकल्पिक लाभग्राही सूची समेत तयार गर्ने ।
४. छनोटको प्राथमिकतामा चित्त नबुझेको भए आधार र कारण खुलाइ २०८१ असोज १७ गतेदेखि २३ गतेभित्र दावीविरोध गर्न सक्ने ।
५. दावीविरोध भए वा नभएमा पनि वडास्तरीय छनोट समितिको २०८१ असोज २९ गते बैठक बसी समितिले टुङ्गो लगाइ अन्तिम नामावली प्रकाशन गर्ने ।
६. माथि उल्लेखित प्रक्रियासँग क्रमश: सम्बन्धित कागजातहरूको फाइल तयार गरी २०८१ असोज ३० गते नगर कार्यपालिकाको कार्यालयमा अनिवार्य पेस गर्ने ।
७. तोकिएको समयभित्र कार्यसम्पन्न नगरी सयममै स्वास्थ्य बिमा लागू हुन नसकी कुनै गुनासो आएमा सम्बन्धित वडा कार्यालय जवाफदेही हुने ।

२०८१/०६/०८

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner

**चौरजहारी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**रुकुम (पश्चिम)**

**वडागत स्वास्थ्य बिमा कार्यक्रम लाभग्राही सङ्ख्या निर्धारण, २०८१**

| वडा नं. | जनगणनाको घरधुरी | लाभग्राही सङ्ख्या |
|---|---|---|
| १ | ८८१ | १५९ |
| २ | ३९१ | ७० |
| ३ | ४६३ | ८३ |
| ४ | ४९४ | ८९ |
| ५ | ३८५ | ६९ |
| ६ | ४०९ | ७४ |
| ७ | ३५९ | ६५ |
| ८ | ४५१ | ८१ |
| ९ | ३१८ | ५७ |
| १० | ४३७ | ७९ |
| ११ | ५१६ | ९३ |
| १२ | ४५४ | ८२ |
| १३ | ६२० | ११२ |
| १४ | ६५९ | ११९ |
| जम्मा | ६८३७ | १२३१ |

शेर प्रसाद ढकाल

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner